


Research Management Cell
Adarsha Multiple Campus

AMC Journal
Link : https://doi.org/10.3126/amcj.v2i1.35793

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# माध्यमिक तहका कथाहरूमा कोशीय संसक्ति

डा. केशव भुसाल*

## सार

*प्रस्तुत लेख आख्यानात्मक विधाअन्तर्गत पर्ने कथा विधामा प्रयुक्त कोशीय संसक्तिको अध्ययन विश्लेषणमा आधारित रहेको छ । वस्तुतः यसअन्तर्गत माध्यमिक तह (कक्षा नौ र दश) मा समाविष्ट कथाहरूमा प्रयुक्त कोशीय संसक्ति र यसअन्तर्गतका विविध भेदहरूको सूक्ष्म समीक्षण गरिएको छ । यस अध्ययनमा मूलतः भाषावैज्ञानिक ह्यालिडे र हड्सनद्वारा प्रस्तुत संसक्तिसम्बन्धी सैद्धान्तिक अवधारणालाई अध्ययनको आधारका रूपमा लिइएको छ । यस क्रममा पुनरुक्ति र सन्निधानजस्ता कोशीय संसक्तिको अध्ययन गरिएको छ, जसमध्ये पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्गको पहिचान र विश्लेषण गरिएको छ भने सन्निधानअन्तर्गत भाषिक शब्दहरूका बिच सान्निध्य सम्बन्ध स्थापित गर्ने कोशीय सिक्रीहरूको सूक्ष्म अन्वेषण गरिएको छ । यस क्रममा माध्यमिक तहका कथा विधामा प्रयुक्त कोशीय संसक्तिको स्थिति, विशेषता र पाठरचनामा तिनले खेलेको भूमिका अध्ययनलाई विशेष जोड दिइएको छ । प्रस्तुत अध्ययनमा मिश्रित अनुसन्धान विधि (परिमाणात्मक र गुणात्मक) को अवलम्बन गरिएको छ । यस अध्ययनबाट आख्यानात्मक सङ्कथन वा रचनामा प्रयोग हुने कोशीय संसक्ति र तिनको भूमिकाबारे जानकारी प्राप्त गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली** : आख्यान, कोशीय संसक्ति, सङ्कथन, सङ्कथन विश्लेषण, संसक्ति ।

## १. विषय परिचय

सङ्कथन कुनै खास विषय सन्दर्भमा प्रयुक्त भाषिक अभिव्यक्ति हो । परम्परागत व्याकरणमा वाक्यलाई भाषाको सबभन्दा ठूलो एकाइ मानिए पनि आधुनिक भाषाविज्ञानले सङ्कथनलाई भाषाको ठूलो एकाइका रूपमा, सन्दर्भपूर्ण भाषिक प्रयोगका रूपमा र वास्तविक भाषा प्रयोगका रूपमा चर्चा

* डा. केशव भुसाल त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग कीर्तिपुरमा विभागीय प्रमुख हुनुहुन्छ । उहाँ भाषाविज्ञानमा दखल राख्नुहुन्छ । इमेल : keshabbhusal.tu@gmail.com

गरेको पाइन्छ । नुनन (सन् १९९३ : ५) का अनुसार सङ्कथन कुनै खास विषय क्षेत्रसँग सम्बन्धित पृथक्-पृथक् वाक्यमा अन्तर्भूत आशयको भाषिक विस्तार वा फैलाउ हो । यो कथ्य-लेख्य र साङ्केतिक रूपमा व्यक्त हुन्छ । आकृतिका दृष्टिले यो भाषाको लघु रूप (सूक्ति, सन्देशमूलक उक्ति आदि) देखि लिएर बृहत् रूप (उपन्यास, महाकाव्य आदि) सम्म विस्तारित हुन्छ । कुक (सन् १९९६ : ७) का अनुसार सङ्कथन एक वा एकभन्दा बढी सुसंरचित व्याकरणिक वाक्यहरूबाट निर्मित हुन्छ । यसले व्याकरणका नियमलाई साधन वा माध्यमका रूपमा व्याख्या गर्छ । अतः सङ्कथनले विषय वा सन्दर्भकेन्द्रित भाषिक प्रयोगको आवश्यक व्यवहारलाई दर्साउँछ । यसको अध्ययन सङ्कथन विश्लेषणअन्तर्गत रहेर गरिन्छ ।

प्रस्तुत अध्ययनमा माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई भाषावैज्ञानिक ह्यालिडे र हड्सन (सन् १९७६) द्वारा प्रस्तुत संसक्तिगत सैद्धान्तिक अवधारणाका आधारमा अध्ययन विश्लेषण गरिएको छ । वस्तुतः सङ्कथन विश्लेषणका सन्दर्भमा पाश्चात्य जगत्मा उल्लेख्य मात्रामा अध्ययन अनुसन्धान गरिएको पाइए पनि नेपालका सन्दर्भमा भने यसबारे गहन अध्ययन अनुसन्धान भएको पाइँदैन । वास्तवमा साहित्यिक रचनाहरू साङ्कथनिक संसक्ति र संयुक्तिको युक्तियुक्त प्रयोग व्यवहारबाट मात्र स्तरीय, उपयुक्त र बोध्य हुने हुन्छन् । संसक्ति र संयुक्तिको अभावमा साहित्यिक रचनाका पाठहरू ग्राह्य बन्न सक्दैनन् । यही वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनमा सङ्कथनका दुई युक्तिमध्येको संसक्ति युक्तिलाई र त्यसअन्तर्गतको कोशीय संसक्तिलाई नवीन अनुसन्धेय विषयका रूपमा लिई अध्ययन विश्लेषण गरिएको छ । मूलतः सङ्कथनमा वाक्यीय (जटिल), अन्तर्वाक्यीय सम्बन्ध दर्साउन आउने भाषिक युक्तिलाई संसक्ति भनिन्छ । संसक्तिले कथ्य वा लेख्य पाठभित्रका भाषिक एकाइ (वाक्यहरू) लाई परस्परमा सम्बन्धित तुल्याउने कार्य गर्दछ । स्टब्ज (सन् २००१ : ३०६) का अनुसार संसक्तिले पाठको सतही संरचनामा उपलब्ध हुने भाषिक विशेषतालाई निर्देश गर्दछ । विशेषत : संसक्ति युक्तिको अनुभूति भाषिक रूपमा हुन्छ र त्यो स्थूल भाषिक अभिव्यक्तिमा सघन रूपमा देखापर्छ । ह्यालिडे र हड्सन (सन् १९९१ : २९३) का अनुसार कुनै पनि पाठमा पहिलो वाक्यबाहेकका प्रत्येक वाक्यमा संसक्तिको उपस्थिति रहेको हुन्छ जसले पाठमा प्रस्तुत विचारलाई एकत्रित गर्न र पाठलाई पाठ्यात्मक बनाउन विशिष्ट सहयोग पुऱ्याउँदछ । ह्याच (सन् १९९४ : २२३) का अनुसार संसक्ति युक्तिको प्रयोग पाठका अंशलाई विशेष मार्ग परम्परामा जोड्ने सिक्री वा डोरीका रूपमा गरिन्छ । संसक्तिले भाषिक अभिव्यक्ति वा पाठमा एकता र संयोजनीयताको भूमिका निर्वाह गर्दछ । यसलाई बुनोट अध्ययनको एउटा भागका रूपमा चर्चा गरिएको पाइन्छ ।

वाङ र गुओ (सन् २०१४) का अनुसार संसक्तिको भूमिकाले बुनोटको सृजना गर्छ । यसले पाठ सृजनामा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । सङ्कथनका एक भाग र अर्को भागलाई निरन्तर अभिव्यक्त गर्दछ । सङ्कथन संसक्तिले व्याकरिणक र कोशीय क्षेत्रलाई दर्साउँछ । यो हरेक भाषाका तत्त्वहरूको सम्बन्धमा विद्यमान हुन्छ । थोराट (सन् २००२ : ०२) का अनुसार संसक्तिको सम्बन्ध दृश्य व्याकरणिक सङ्केतसँग हुन्छ जसले अभिव्यक्तिलाई जोड्ने किलाको काम गर्छ । यस सम्बन्धी भाषिक-व्याकरिणक दक्षताको अभावमा श्रोता वा पाठकले महत्त्वपूर्ण संयोजन छुटाउन पुग्छ । परिणामस्वरूप व्यक्त आशयको बोधमा कठिनाइ पैदा हुन्छ । ह्यालिडे र हड्सन (सन् १९९१ : ५) का अुनसार संसक्ति आंशिक रूपमा व्याकरणबाट र आंशिक रूपमा शब्दभण्डारबाट व्यक्त हुन्छ । यसबाट के पुष्टि हुन्छ

भने संसक्तिको एउटा प्रकार व्याकरणमा आधारित हुन्छ जसलाई व्याकरिणक संसक्ति भनिन्छ भने अर्को प्रकार शब्दार्थमा आधारित हुन्छ जसलाई कोशीय संसक्ति भनिन्छ । सङ्कथनमा प्रयुक्त कोशीय वा शाब्दिक एकाइद्वारा सृजित संसक्तिलाई कोशीय संसक्ति भनिन्छ । कोशीय संसक्ति अव्याकरणिक संसक्ति हो र यो सङ्कथनान्तरिक युक्तिका रूपमा देखा पर्छ । ह्यालिडे र हड्सन (सन् १९९१ : २७४) का अनुसार कोशीय संसक्ति शब्दको छनोटबाट प्राप्त गरिने संसक्तात्मक प्रभाव हो । सङ्कथनमा वक्ता वा लेखकले कोशीय एकाइको चयनमार्फत संसक्तिको सृजना गर्छन् । यसका मध्यमबाट सङ्कथनमा एकत्व कायम हुन्छ । नुनन (सन् १९९३ : २८) का अनुसार कोशीय संसक्तिले पाठमा प्रयुक्त कुनै दुई शब्दको अर्थतात्त्विक सम्बन्धलाई विभिन्न आधारमा जनाउँछ। सङ्कथनमा कोशीय संसक्तिको आगमन पूर्वप्रस्तुत एकाइसँग सम्बन्धित एकाइको चयन गरेपश्चात् हुन्छ । विस्निएस्की (सन् २००६) का अनुसार सङ्कथन वा पाठमा अधिकांश कोशीय सम्बन्धहरू विषयप्रसङ्गको घेरामा सीमित हुन्छन् त्यसैले संसक्ति एकाइयुक्त पद, पदावलीहरू सम्बन्धित सङ्कथन वा पाठनिबद्ध हुन पुग्छन् । कोशीय संसक्तिले पाठात्मकता सृजनार्थ वस्तु, गुण, कार्य वा घटना जनाउने शब्दहरूका बिच आर्थी सम्बन्धगत भूमिका निर्वाह गर्दछ । होइ (सन् १९९१) का अनुसार कोशीय संयोजन संसक्तिको महत्त्वपूर्ण सग्लो रूप हो जसले सङ्कथन वा पाठमा विषयवस्तुको चालिस प्रतिशत वर्णनलाई जोड्ने कार्य गर्दछ । कोशीय संसक्तिले सङ्कथनलाई संसक्त मात्र नतुल्याई त्यसको क्षेत्र स्पष्ट पार्ने र लक्षित अर्थबोधका लागि सन्दर्भ प्रस्तुत गर्नमा समेत सहयोग पुर्‍याउने काम गर्दछ । यस कार्यार्थ प्रयुक्त हुने कोशीय संसक्तिमध्ये केही पूर्वप्रस्तुत एकाइको निकटस्थ र केही दूरस्थ भएर रहन्छन् । सङ्कथनमा शाब्दी चयन, आवृत्ति र वैकल्पिक प्रयोगले कोशीय संसक्ति निर्माण गरेको पाइन्छ । भाषावैज्ञानिक ह्यालिडे र हड्सन (सन् १९७६, १९९१) ले कोशीय संसक्तिका आधारभूत प्ररूप (प्रकार) उपलब्ध गराएका छन् । यसअन्तर्गत पुनरुक्ति/पुनर्कथन र साहचर्यात्मक/सन्निधान संसक्ति पर्दछन् । यिनलाई कोशीय संसक्तिका विशिष्ट प्रकार वा सैद्धान्तिक आधारका रूपमा लिइन्छ । यीमध्ये पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग पर्दछन् भने सन्निधानअन्तर्गत साहचर्यात्मक सम्बन्ध स्थापन गर्ने कोशीय शब्दहरू पर्दछन् । माध्यमिक तहका कथात्मक विधामा यी विविध किसिमका कोशीय संसक्ति र तीअन्तर्गतका विभिन्न भेदहरूको प्रयोग-व्यवहार गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा माध्यमिक तहका कथामा प्रयुक्त कोशीय संसक्ति, तिनको प्ररूपगत स्थिति र भूमिकाको सूक्ष्म अध्ययन गरिएको छ ।

## २. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् :

(क) माध्यमिक तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्तिको प्ररूपगत अध्ययन गर्नु

(ख) उक्त तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्तिको स्थिति र भूमिकाको व्याख्या गर्नु ।

## ३. अध्ययन विधि

प्रस्तुत अध्ययनमा अनुसन्धान विधिको निकै महत्त्वपूर्ण भूमिका रहेको छ जसले वैज्ञानिक र व्यवस्थित अनुसन्धानका लागि आवश्यक चरणहरू उपलब्ध गराएको छ । यस अध्ययनका क्रममा प्रयुक्त अनुसन्धान विधिलाई निम्न तीन भागमा वर्गीकरण गरिएको छ :

(क) तथ्याङ्क स्रोत

प्रस्तुत अध्ययनका लागि निम्न स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

- यस अध्ययनका लागि वि.सं. २०६४ को पाठ्यक्रमअन्तर्गत माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट तीन-तीन ओटा कथाहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।
- यस क्रममा कक्षा नौबाट तीनोटा कथा (शिशिर र वसन्तको कथा, भविष्य निर्माण र खड्गबहादुर) र कक्षा दसबाट तीनोटा कथा (कर्तव्य, दोषी चस्मा र न्यायको पक्ष) गरी कुल छओटा कथाहरूलाई तथ्याङ्कका रूपमा लिइएको छ ।

(ख) तथ्याङ्क सङ्कलनको विधि र तरिका

प्रस्तुत अध्ययनमा निम्न चरणको अवलम्बन गरी तथ्याङ्क सङ्कलन गरिएको छ :

- तथ्याङ्क स्रोतको अध्ययन
- कोशीय संसक्तिको टिपोट
- टिपोट गरिएका संसक्तिलाई कोशीय संसक्तिको सैद्धान्तिक प्ररूपगत आधारमा सामूहीकरण गरेर ।

(ग) तथ्याङ्क विश्लेषणको विधि र तरिका

प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कलाई मूलतः भाषावैज्ञानिक ह्यालिडे र हड्सन (सन् १९७६) द्वारा प्रस्तुत साङ्कथनिक संसक्तिसम्बद्ध मान्यताका आधारमा परिमाणात्मक र गुणात्मक रूपमा विश्लेषण गरिएको छ । यस क्रममा निम्न तरिकाको अवलम्बन गरिएको छ :

- तथ्याङ्क स्रोतको पुनःटङ्कन
- सङ्कलित तथ्याङ्कलाई कोशीय संसक्ति प्ररूप (प्रकार) मा वर्गीकरण
- सङ्कलित तथ्याङ्कलाई कोशीय संसक्तिअन्तर्गतका मुख्य भेद : पुनरुक्ति र सन्निधान तथा यीअन्तर्गतका विभिन्न उपभेदहरूमा सामूहीकरण
- कथाहरूमा प्रयुक्त कोशीय संसक्तिको प्ररूपगत स्थिति र भूमिकाको पहिचान र अध्ययन

## ४. अध्ययनको महत्त्व

वस्तुतः माध्यमिक तहमा समावेश गरिएका साहित्यिक विधाहरू र तिनको शैक्षणिक उद्देश्य भनेको सिकारुमा सम्प्रेषणात्मक क्षमताको विकास गराउनु हो । क्यानल (सन् १९८३) का अनुसार सम्प्रेषणात्मक क्षमता विकासका लागि ज्ञानका चार क्षेत्र : व्याकरणिक सक्षमता, समाजभाषिक सक्षमता, सङ्कथन सक्षमता र प्रयोगपरक एवम् रणनीतिक सक्षमताको आवश्यकता पर्छ । जसमध्ये साङ्कथनिक सक्षमताको विकासका लागि व्याकरणिक तथा कोशीय संसक्ति युक्ति र तिनको प्रयोग व्यवहारगत सुझको आवश्यकता पर्दछ ।

“शिक्षणको एउटा ज्यादै महत्त्वपूर्ण पक्ष भनेको सङ्कथनको उत्पादन गर्नु हो । शिक्षकले शिक्षण गर्नुको र प्रशिक्षकले प्रशिक्षण दिनुको उद्देश्य विद्यार्थीलाई छानिएको शीर्षकबाट सुसङ्गत र सुसंयोजित तरिकाले कुरा गर्न सक्षम बनाउनु हो” (ह्यालिडे र हड्सन, १९९१ : ९५) । यसका लागि संसक्ति सम्बन्धी ज्ञान आवश्यक पर्ने हुन्छ । साङ्कथनिक संसक्तिको उपयुक्त सुझ र प्रयोग व्यवहारबाट साञ्चारिक तत्त्व वा अवयवको पहिचान गर्ने, विभिन्न विधा, शैली र भाषिक भेदको पहिचान र प्रयोग गर्ने, विचार निर्माण र वास्तविकता पहिचान र व्याख्याका लागि अन्तर्वैयक्तिक सम्बन्ध कायम गर्ने, विभिन्न साङ्कथनिक अभ्यासको मूल्य, उत्पत्ति र सामाजिक कार्यको पहिचान गर्ने लगायतका कार्यमा अपेक्षाकृत मद्दत मिल्दछ । प्रस्तुत अध्ययन माध्यमिक तहका कथाहरूमा प्रयुक्त साङ्कथनिक संसक्ति र तिनको भूमिका अध्ययनमा आधारित रहेकाले यस क्षेत्रसँग सम्बन्धित सबैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

## ५. परिणाम र छलफल

### ५.१ माध्यमिक तहका कथामा कोशीय संसक्ति

माध्यमिक तहका कथाहरूमा कोशीय संसक्तिअन्तर्गतका पुनरुक्ति र सन्निधान संसक्तिको प्रयोग गरिएको पाइन्छ । यस तहका कथाहरूमा पुनरुक्ति संसक्तिअन्तर्गतका पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग तथा सन्निधान संसक्तिअन्तर्गतका विभिन्न साहचर्यात्मक कोशीय शब्दहरूको प्रयोग गरिएको छ । माध्यमिक तहका कथामा प्रयुक्त कोशीय संसक्ति र यीअन्तर्गतका विविध भेदहरूको प्रयुक्तिगत अवस्थाको अध्ययन निम्नानुसार गरिएको छ :

**पुनरुक्ति (रिइटरेसन)**

माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा कोशीय संसक्तिअन्तर्गत पर्ने पुनरुक्ति संसक्तिको प्रयोग गरिएको छ । सिद्धान्ततः पुनरुक्ति संसक्तिले सङ्कथनमा प्रयुक्त कोशीय एकाइको पुनर्कथनलाई जनाउँछ । साङ्कथनिक कोशीय एकाइलाई जस्ताको तस्तै आवृत्ति गरेर, सम्बन्धित अर्को शब्द वा निकट शब्दको प्रयोग गरेर, समावेश्य-समावेशी शब्दको अनुप्रयोगद्वारा र साधारण शब्द प्रस्तुत गरेर पुनर्व्यक्त गर्न सकिन्छ । नुनन (१९९३

: १२३) का अनुसार पुनरुक्तिले कोशीय वा शाब्दिक संसक्तिको त्यस स्वरूपलाई जनाउँछ जहाँ सम्बन्धित दुई एकाइले समान घटना वा अस्तित्व दर्साउँछन् । पुनरुक्ति संसक्तिबाट साङ्कथनिक संसक्ततामा विशिष्ट सहयोग पुग्ने ठानिन्छ । साथै सन्दर्भपरक भाव ग्रहणमा समेत सघाउ पुग्ने देखिन्छ। ह्यालिडे र हड्सन (सन् १९७६, १९९१) ले आफ्नो ग्रन्थ 'कोहिजन इन इङ्गलिस' मा पुनरुक्ति कोशीय संसक्तिका चार प्रकार (पुनरावृत्ति, पर्यायवाची वा निकट पर्यायवाची, समावेशी-समावेश्य र साधारण शब्द) को चर्चा गरेका छन् भने 'ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ' मा विपरीतार्थी (एन्टनिमी) र अङ्गीअङ्ग (मेरनिमी) लाई समेत समेटी पाँच प्रकार (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग) को चर्चा गरेका छन्। माध्यमिक तहका कथाहरूमा पुनरुक्ति कोशीय संसक्तिका यी पाँचओटै प्रकारहरूको प्रयोग गरिएको पाइन्छ जसलाई निम्नानुसार चर्चा गरिएको छ :

**(क) पुनरावृत्ति (रिपिटेसन)**

माध्यमिक तहका कथाहरूमा पुनरुक्ति कोशीय संसक्तिअन्तर्गत पर्ने पुनरावृत्ति संसक्तिको प्रयोग गरिएको छ। सिद्धान्ततः पुनरावृत्ति संसक्तिले सङ्कथनमा प्रयुक्त कुनै कोशीय एकाइको आवृत्ति हुनुलाई जनाउँछ । ह्यालिडे (सन् १९८६ : ३१०) का अनुसार कोशीय संसक्तिको प्रत्यक्ष रूप कोशीय एकाइको पुनरावृत्ति हो । यो कुनै वस्तु, चिज, पदार्थ वा प्राणी जनाउन गरिने समान शब्दावृत्तिगत विशेषता हो । म्याक्क्यार्थी (सन् २०१० : ६५) का अनुसार पुनरावृत्ति भनेको कुनै एकाइलाई सङ्कथनका कुनै भागमा प्रत्यक्ष आवृत्ति गरेर भन्नु हो । यो कतिपय अवस्थामा आंशिक पुनरावृत्ति (सखरखण्ड = सखर, टेलिफोन = फोन आदि) का रूपमा पनि देखा पर्छ। माध्यमिक तहका कथाहरूमा पुनरावृत्ति कोशीय संसक्तिको अत्यधिक प्रयोग-व्यवहार गरिएको पाइन्छ जसमध्ये कक्षा नौमा समाविष्ट 'शिशिर र वसन्तको कथा' मा राजा, रानी, गुँड, भँगेरो, आहारा, बच्चा, झ्याल, पोथी, सौता, मनजस्ता शब्दहरू; 'भविष्य निर्माण' कथामा घर, गमला, तुङसुङ, बस्ती, कप्तान, युद्ध, पार्वती, छोरा, स्वप्न, खेलजस्ता शब्दहरू र 'खड्गबहादुर' कथामा संस्था, योजना, खड्गबहादुर, कागत, युवती, स्वदेशी, चेली, दण्ड, हिरालाल, उद्धारजस्ता शब्दहरूको पुनरावृत्ति भएको पाइन्छ । कक्षा दशमा समाविष्ट 'कर्तव्य' कथामा सम्पत्ति, गरिबहरू, गाउँ, मुखिया, अन्याय, केटाकेटीहरू, दुनियाँ, खोला, मानिसहरू, लबेदाजस्ता शब्दहरू; 'दोषी चस्मा' कथामा चस्मा, आँखा, केशवराज, चाकरी, जर्साब, सवारी, सूर्य, आकाश, मोटर, पावरजस्ता शब्दहरू र 'न्यायको पक्ष' कथामा धौम्य, विदुर, पाण्डव, आश्रम, मानिस, पछुतो, नीति, युधिष्ठिर, धृतराष्ट्र, अन्धाजस्ता शब्दहरूको पुनरावृत्ति भएको देखिन्छ ।

**(अ) पर्यायवाची (सिननिमी)**

माध्यमिक तहमा समाविष्ट कथाहरूमा समानार्थी सम्बन्ध कायम राख्ने विभिन्न पर्यायवाची शब्दहरूको प्रयोग गरिएको पाइन्छ । वस्तुतः पर्यायवाची संसक्तिले

भाषिक शब्दहरूका बिचको पर्याय सम्बन्धलाई दर्साउँछ । यसबाट साङ्कथनिक अभिव्यक्तिमा एउटै कोशीय एकाइको आवृत्ति हटाउन र भाषाको विशाल शब्दभण्डारबाट मिल्दो शब्द छनोट गरी व्यक्त गर्न सघाउ पुग्ने हुन्छ । साथै साङ्कथनिक सरसता र शब्दप्रयोगगत विविधतामा समेत सहयोग पुग्ने देखिन्छ । पर्यायवाची शब्दहरू सङ्कथन वा पाठको जुनसुकै स्थानमा पनि प्रयोगयोग्य हुन्छन् । यद्यपि यिनले जनाउने अर्थ सम्बन्धित वस्तु वा विषयनिबद्ध नै हुन्छ । माध्यमिक तहमा समाविष्ट कथाहरूमा पर्यायवाची कोशीय शब्दहरूको प्रयोगबाट संरचनात्मक संसक्ति सृजना गरिएको देखिन्छ । जसमध्ये 'शिशिर र वसन्तको कथा' मा बच्चाहरू = छोराछोरीहरू, आहारा = चारो, विषाद = चिन्ता, सौताका छोराछोरी = वैरीका पोथ्रा, हृदय = दिलजस्ता पर्यायवाची शब्दहरू; 'भविष्य निर्माण' कथामा घर = गृह, युद्ध = क्रान्ति, कोसिस = चेष्टा, सन्देश = खबर, साह्रै = बडाजस्ता पर्यायवाची शब्दहरू र 'खड्गबहादुर' कथामा रोड = सडक, अर्थ = धन, युवती = महिला, अकमक्क = द्विविधा, जिज्ञासा = खुलदुलीजस्ता पर्यायवाची शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै 'कर्तव्य' कथामा गरीब = भोका-नाङ्गा/दुःखी-दरिद्री, जनता = मानिस, ढोका = दैलो, गाउँ = ग्राम, सारा = सबै जस्ता पर्यायवाची शब्दहरू; 'दोषी चस्मा' कथामा अलिक = निकै, बल = पावर, महल = दरबार, अगाडि = अघिल्तिर, दुःखित = चिन्तितजस्ता पर्यायवाची शब्दहरू र 'न्यायको पक्ष' कथामा गम्भीर = धीर, हस्याङ्फस्याङ = हत्तपत्त, दाजु = दाइ, कड्केर = गर्जेर, परिणाम = फलजस्ता पर्यायवाची शब्दहरूको प्रयोग गरिएको छ ।

(आ) **विपरीतार्थी (एन्टनिमी)**

माध्यमिक तहका कथाहरूमा परस्परमा आर्थी भिन्नता दर्साउने विपरीतार्थी कोशीय संसक्तिको प्रयोग गरिएको छ । सिद्धान्ततः सङ्कथनमा प्रयुक्त कोशीय एकाइका बिचको अमिल्दो वा उल्टो सम्बन्धलाई विपरीतार्थी भनिन्छ । विपरीतार्थी सम्बन्धले साङ्कथनिक भाषिक एकाइ वा अवयवका बिच विरोधी सम्बन्ध स्थापित गर्दछ । ह्यालिडे र हड्सन (सन् १९९१ : ८०) का अनुसार विपरीतार्थीले अनुभूतिजन्य वा आनुभाविक अर्थको विपरीतता व्याख्या गर्दछ । 'सुन' र 'चाँदी' यस किसिमको आर्थी सम्बन्धका उदाहरण हुन् । सङ्कथन वा पाठको पहिलो वाक्यमा प्रयुक्त शब्दको विपरीतार्थी शब्द अर्को वाक्यमा आएमा त्यसले पारस्परिक आर्थी साङ्लीको निर्माण गर्ने हुन्छ । माध्यमिक तहमा समाविष्ट कथाहरूमा यस किसिमको भूमिकानिबद्ध विभिन्न विपरीतार्थी कोशीय शब्दहरूको प्रयोग-व्यवहारबाट संसक्ति कायम गरिएको पाइन्छ । माध्यमिक तहका कथाहरूमध्ये 'शिशिर र वसन्तको कथा' मा विपरीतार्थी कोशीय संसक्ति सृजनार्थ एकादेश = अर्को देश, राजा = रानी, बच्चा = माउ, पोथी = भाले, हडबडाई = नहडबडाई जस्ता विपरीतार्थी शब्दहरू; 'भविष्य निर्माण' कथामा रातो = हरियो, युद्ध = शान्ति, पति = पत्नी, दिन = रात, शान्ति = अशान्तिजस्ता विपरीतार्थी शब्दहरू र 'खड्गबहादुर' कथामा स्वदेशी = विदेशी, पछि =

पहिले, धैर्य = हडबड, शान्ति = क्रान्ति, अन्याय = न्यायजस्ता विपरीतार्थी शब्दहरूको प्रयोग गरिएको छ भने 'कर्तव्य' कथामा पुरुष = आइमाई, जेठा = कान्छा, सेतो = रातो, छोरी = छोरा, पढेका = अशिक्षितजस्ता विपरीतार्थी शब्दहरू; 'दोषी चस्मा' कथामा निकै = कम, निराशा = आशा, पृथ्वी = आकाश, प्रश्न = उत्तर, घुइँचो = एकान्तजस्ता विपरीतार्थी शब्दहरू र 'न्यायको पक्ष' कथामा पिशाचनीति = धर्मनीति, भित्र = बाहिर, दाजु = भाइ, सत्यनाश = जय, न्याय = अन्यायजस्ता विपरीतार्थी कोशीय शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

(इ) **समावेशी–समावेश्य** (**हाइपनिमी**)

माध्यमिक तहका कथाहरूमा विभिन्न कोशीय एकाइको अर्थ समेट्ने समावेशी शब्द र त्यसअन्तर्गत समेटिने समावेश्य शब्दहरूको प्रयोग गरिएको पाइन्छ । वस्तुतः समावेशी- समावेश्य सम्बन्धलाई साधारण/सामान्य-विशिष्ट एवम् उच्च-निम्न सम्बन्धका रूपमा पनि व्याख्या गर्न सकिन्छ। जस्तै 'फलफूल' साधारण शब्द हो भने आँप, केरा , स्याउ, सुन्तला आदि विशिष्ट शब्द हुन् । सङ्कथन वा पाठमा समावेश्य शब्दको प्रयोग दुई वा सोभन्दा बढी हुन सक्छ । यद्यपि, ती एउटै वर्ग (समावेशी) को केन्द्रीयतामा रहेका हुन्छन् । यस्ता शब्दको प्रयोगबाट विचार वा अभिव्यक्तिलाई सन्दर्भ अनुकूल प्रस्तुत गर्न, विस्तार गर्न र थप स्पष्ट पार्न सहयोग पुग्दछ । माध्यमिक तहका कथाहरूमा समावेशी-समावेश्य शब्दहरूको प्रयोगद्वारा कोशीय संसक्तिको स्थापन गरिएको छ। यस क्रममा कक्षा नौमा समाविष्ट 'शिशिर र वसन्तको कथा' मा देश : एकादेश, अर्को देश, राजकुमार : शिशिर, वसन्त, काल/समय : एक दिन, भोलिपल्ट, केहीबेर, केही दिन आदि, विवाह : दोस्रो विवाह, अर्को विवाह, पुनर्विवाह, कथा : शिशिर वसन्तको कथाजस्ता समावेशी-समावेश्य शब्दहरू; 'भविष्य निर्माण' कथामा बस्ती : घर, घर : सानो घर, एकतले घर, रङ : रातो रङ, हरियो रङ, मानिस : कृष्णबहादुर, पार्वती, नरेश, केटाकेटी, स्त्रीसुलभ सौन्दर्य : शिक्षिता, गुणवतीजस्ता समावेशी-समावेश्य शब्दहरू र 'खड्गबहादुर' कथामा सडक : चितपुर रोड, संस्था : गोर्खा कल्याण संस्था, समय : सात बजे, ९/१० बजे, भर्खर, ६ वर्ष, पला, घडी, योजना : धन नचाहिने योजना, मानिस : खड्गबहादुर, हिरालाल, पुण्यप्रसाद, युवती, चेलीबेटी, महिला, छोरी, हतियार : खुकुरी, बन्चरोजस्ता समावेशी-समावेश्य शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै कक्षा दशमा समाविष्ट 'कर्तव्य' कथामा महान् पुरुष : गङ्गाधर, सम्पत्ति : अन्न, पैसा, खेत, गाउँ : दश गाउँ, मानिस : जनता, गङ्गाधर, कमला, श्रीधर, शशीधर, रमा लगायत, चाडबाड/धर्म संस्कृति : बिहाबर्तुन, किरियाश्राद्ध, दसैंतिहार, पूजापाठ, सप्ताह, पुराणजस्ता समावेशी-समावेश्य शब्दहरू; 'दोषी चस्मा' कथामा चस्मा : केशवराजको चस्मा, मानिस : केशवराज, जर्साब, केशवराजकी पत्नी, विचार : यो विचार, पहिलकै विचार, हिजोको विचार, चाकरी : जर्साबको चाकरी, सधैं :

एकदिन, धेरैदिन, अरू दिन, यतिका दिन, आज, भोलिजस्ता समावेशी-समावेश्य शब्दहरू र 'न्यायको पक्ष' कथामा पाण्डव : युधिष्ठिर, भीमसेन, अर्जुन, मानिस : धौम्य, विदुर, धृतराष्ट्र, दुर्योधन, युधिष्ठिर, भीमसेन, अर्जुन, लाहा, राज्य : हाम्रो राज्य, तेरो राज्य, नीति : पिशाचनीति, धर्मनीति, भाइहरू : भीमसेन, अर्जुनजस्ता समावेशी-समावेश्य कोशीय शब्दहरूको प्रयोग गरिएको छ ।

(ई) **अङ्गी-अङ्ग (मेरनिमी)**

माध्यमिक तहका कथाहरूमा कोशीय संसक्ति सृजनार्थ विभिन्न अङ्गी-अङ्ग शब्दहरूको प्रयोग गरिएको छ । सिद्धान्ततः अङ्गी-अङ्ग सम्बन्धले सङ्कथनमा प्रयुक्त पूर्णवाची र अंशवाची शब्दका बिचको सम्बन्धलाई दर्साउँछ । अर्थात् 'अङ्गी' शब्दले कुनै वस्तु, व्यक्ति, प्राणी, पदार्थ वा सामग्रीलाई र 'अङ्ग' शब्दले त्यसअन्तर्गतका विभिन्न अंशलाई जनाउँदछ । यसमा सिङ्गो रूप (होल) र अंश रूप (पार्ट) का बिच सम्बन्ध स्थापित हुन्छ । ह्यालिडे र हड्सन (१९९१ : ८१) का अनुसार अङ्गी-अङ्ग सम्बन्धले पूर्ण-अंश सम्बन्धलाई दर्साउँदछ । जस्तै : बोतल 'अङ्गी' शब्द हो भने 'बिर्को वा बुजो' 'बोतल' को अङ्ग वा अंश स्वरूप हो । सङ्कथनमा प्रयुक्त हुने अङ्गी-अङ्ग एकाइका बिचको समन्वयले सङ्कथन थप संसक्त हुने मानिन्छ । माध्यमिक तहका कथाहरूमा यस प्रकृतिका विविध अङ्गी-अङ्ग शब्दहरूको प्रयोग गरिएको छ । जसमध्ये 'शिशिर र वसन्तको कथा' मा देश : गाउँ, सहर, घर : झ्याल, ढोका, भँगेरो : चुच्चो, चुच्चा, प्वाँख, दरबार : खोपी, बैठक, राजगद्दी, जङ्गल : झिँजा, काँडाजस्ता अङ्गी-अङ्ग शब्दहरू, 'भविष्य निर्माण' कथामा दार्जिलिङ : तुङसुङ बस्ती, तुङसुङ बस्ती : घर, घर : छानो, भित्तो, सङ्घार, ढोका, झ्याल, कोठा, अखबार : खबर, पार्वती : हृदयजस्ता अङ्गी-अङ्ग शब्दहरू तथा 'खड्गबहादुर' कथामा गङ्गाधर : जिउ, औंला, घर : ढोका, पूजाकोठा, झ्याल, दलान, बैठक, कोठा, गाउँ : मानिस, घर, लबेदा : फेर, केटाकेटी : गाला, चिउँडोजस्ता अङ्गी-अङ्ग शब्दहरूको प्रयोग गरिएको पाइन्छ भने 'कर्तव्य' कथामा जिल्ला : गाउँ, बजार, मुरलीधर : शिर, काँध, ललाट, छाती, गोडा, गह, हृदय, परिधान : धोती, लबेदा, पटुका, टोपी, च्यादर, सुरुवाल, कुर्ता, श्रीधर : निधार, टाउको, हात, शरीर, हाडछाला, आँखा, गह, छाती, गोडा, बुलबुल : अग्र भागजस्ता अङ्गी-अङ्ग शब्दहरू; 'दोषी चस्मा' कथामा केशवराज : आँखा, फोक्सो, हात, औला, गोडा, हृदय, मुख, कान, टाउको, कम्मर, खुट्टा, दिन : बिहान, दिउँसो, साँझ, राति, मोटर : नम्बरप्लेट, क्यारेज बक्स, घर : कोठा, बुइँगल, सिँढी, ढोका, भान्साघरजस्ता अङ्गी-अङ्ग शब्दहरू तथा 'न्यायको पक्ष' कथामा नदी : खोला, प्रकृति : वन, नदी, चराचुरुङ्गी, पानी, ढुङ्गा, धौम्य : हात, मुख, विदुर : मुख, आँखीभौं, आँखा, हात, कन्सिरी, ज्यान, दुर्योधन : हात, तालु, आङ, दाह्राजस्ता अङ्गी-अङ्ग शब्दहरूको प्रयोग गरिएको देखिन्छ ।

माध्यमिक तहका कथाहरूमा प्रयुक्त पुनरुक्ति कोशीय संसक्तिका उल्लिखित भेदहरूको समग्र स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका १ :  माध्यमिक तहका कथामा पुनरुक्ति संसक्ति**

| पुनरुक्ति संसक्ति | पुनरावृत्ति | | पर्यायवाची | | विपरीतार्थी | | समावेशी–समावेश्य | | अङ्गी–अङ्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अध्ययनीय कथाहरू | प्रयुक्त सङ्ख्या | प्रतिशत | प्रयुक्त सङ्ख्या | प्रतिशत | प्रयुक्त सङ्ख्या | प्रतिशत | प्रयुक्त सङ्ख्या | प्रतिशत | प्रयुक्त सङ्ख्या | प्रतिशत |
| शिशिर र वसन्तको कथा | ४३७ | ८४.५२% | २७ | ५.२२% | २४ | ४.६४% | १३ | २.५१% | १६ | ३.१९% |
| भविष्य निर्माण | ११४ | ७१.२५% | ७ | ४.३७% | १३ | ८.१२% | १४ | ८.७५% | १२ | ७.५% |
| खड्गबहादुर | ८८ | ६२.४१% | २१ | १४.८९% | ९ | ६.३८% | १३ | ९.२१% | १० | ७.२९% |
| कर्तव्य | ३४६ | ८०.२७% | २५ | ५.८०% | १९ | ४.४०% | १८ | ४.१७% | २३ | ५.३३% |
| दोषी चस्मा | २३३ | ७८.७१% | १८ | ६.०८% | १४ | ४.७२% | २७ | ९.१२% | ४ | १.३५% |
| न्यायको पक्ष | ७९ | ७०.५३% | ८ | ७.१४% | १० | ८.९२% | ७ | ६.२५% | ८ | ७.१४% |

उल्लिखित तालिकाअनुसार माध्यमिक तहका कथाहरूमा प्रयुक्त पुनरुक्ति कोशीय संसक्तिमध्ये 'शिशिर र वसन्तको कथा' मा ८४.५२ प्रतिशत पुनरावृत्ति, ५.२२ प्रतिशत पर्यायवाची, ४.६४ प्रतिशत विपरीतार्थी, २.५१ प्रतिशत समावेशी-समावेश्य र ३.१९ प्रतिशत अङ्गी-अङ्ग कोशीय संसक्ति; 'भविष्य निर्माण' कथामा ७१.२५ प्रतिशत पुनरावृत्ति, ४.३७ प्रतिशत पर्यायवाची, ८.१२ प्रतिशत विपरीतार्थी, ८.७५ प्रतिशत समावेशी-समावेश्य र ७.५ प्रतिशत अङ्गी-अङ्ग कोशीय संसक्ति तथा 'खड्गबहादुर' कथामा ६२.४१ प्रतिशत पुनरावृत्ति, १४.८९ प्रतिशत पर्यायवाची, ६.३८ प्रतिशत विपरीतार्थी, ९.२१ प्रतिशत समावेशी-समावेश्य र ७.२९ प्रतिशत अङ्गी-अङ्ग कोशीय संसक्तिको प्रयोग गरिएको छ भने 'कर्तव्य' कथामा ८०.२७ प्रतिशत पुनरावृत्ति, ५.८० प्रतिशत पर्यायवाची, ४.४० प्रतिशत विपरीतार्थी, ४.१७ प्रतिशत समावेशी-समावेश्य र ५.३३ प्रतिशत अङ्गी-अङ्ग कोशीय संसक्ति; 'दोषी चस्मा' कथामा ७८.७१ प्रतिशत पुनरावृत्ति, ६.०८ प्रतिशत पर्यायवाची, ४.७२ प्रतिशत विपरीतार्थी, ९.१२ प्रतिशत समावेशी-समावेश्य र १.३५ प्रतिशत अङ्गी-अङ्ग कोशीय संसक्ति तथा 'न्यायको पक्ष' कथामा ७०.५३ प्रतिशत पुनरावृत्ति, ७.१४ प्रतिशत पर्यायवाची, ८.९२ प्रतिशत विपरीतार्थी, ६.२५ प्रतिशत समावेशी-समावेश्य र ७.१४ प्रतिशत अङ्गी-अङ्ग कोशीय संसक्तिको प्रयोग गरिएको छ ।

(ख) **सन्निधान (कलकेइसन)**

माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा कोशीय संसक्तिको अर्को प्ररूप सन्निधान संसक्तिको समेत प्रयोग-व्यवहार गरिएको पाइन्छ । सिद्धान्ततः सन्निधान संसक्तिले सङ्कथनमा प्रयुक्त कोशीय एकाइका बिचको साहचर्यात्मक सम्बन्धलाई जनाउँदछ । अर्थात्, यसले सङ्कथनमा एकैपटक वा साथसाथै प्रयोगमा आउने एकाइको सान्निध्यतालाई दर्साउँदछ । विस्नेस्की (सन् २००६) का अनुसार सन्निधान त्यस्तो युक्ति हो जसमा निश्चित शब्दहरू आपसमा आउँछन् । यसअन्तर्गत आउने भाषिक एकाइहरू तिनमा निहित अर्थका कारण परस्परमा सम्बन्धित हुन्छन् । सङ्कथन वा पाठमा निकट कोशीय घटकहरू मूलतः वाक्यान्तरिक भएर देखा पर्छन् । सन्निधान सृजनार्थ प्रयुक्त हुने त्यस्ता भाषिक तत्त्वहरूले सङ्कथनलाई एकीकृत र सार्थक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । सङ्कथनमा भाषिक एकाइका जोडा वा शब्दयुग्म आवश्यक रूपमा स्वतन्त्र नभई एकापसमा अन्तर्सम्बन्धित भई प्रयुक्त हुँदा सन्निधानात्मक स्थिति पैदा हुने हुन्छ । म्याक्क्यार्थी (सन् २०१० : ६५) का अनुसार "सन्निधानले कोशीय संसक्तिको आशय ठीकसँग प्रस्तुत गर्दछ । यसमा सम्बन्धित कोशीय एकाइ एकैपटक घटित हुन्छ ।" वस्तुतः सन्निधान त्यस्तो कोशीय संसक्ति हो जुन यस पूर्व चर्चा गरिएका कुनै पनि कोशीय संसक्तिका प्रकारमा आधारित हुँदैन । खास एकाइका बिचको सान्निध्य सम्बन्धमा आधारित हुन्छ । माध्यमिक तहका

कथाहरूमा सान्निध्य सम्बन्ध सृजनार्थ विभिन्न किसिमका साहचर्यात्मक सम्बन्धयुक्त कोशीय शब्दहरूको प्रयोग गरिएको छ । जसमध्ये कक्षा नौमा रहेका 'शिशिर र वसन्तको कथा' मा भँगेरो - गुँड, व्याधा - गुलेली, कालो बादल - अन्धकार, रानी-दरबार, राजगद्दी - राजाजस्ता साहचर्यात्मक शब्दहरू; 'भविष्य निर्माण' कथामा घर-आँगन, गमला - चमेलिया, ढोका/झ्याल - पर्दा, घर - मानिस, युद्ध - पल्टनजस्ता साहचर्यात्मक शब्दहरू तथा 'खड्गबहादुर' कथामा सभा - छलफल, महल - ढोके, होटल - भाडमझुवा, अग्नि - पुरोडास, संस्था - सदस्यजस्ता साहचर्यात्मक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । कक्षा दशमा रहेका 'कर्तव्य' कथामा चुलो - आगो, गरिब - झुपडी, धर्म - संस्कृति, धोती - लबेदा, शिर - टोपीजस्ता साहचर्यात्मक शब्दहरू; 'दोषी चस्मा' कथामा आँखा - चस्मा, चस्मा - पावर, चाकरी - चाकरिया, सूर्य - रश्मि, सुरुवाल - गोडाजस्ता साहचर्यात्मक शब्दहरू तथा न्यायको पक्ष कथामा नदी - किनार, शासक - नीति, सर्प - विष, न्याय - न्यायी, मुख - थुकजस्ता साहचर्यात्मक शब्दहरूको प्रयोग गरिएको देखिन्छ । कथामा प्रयुक्त यी र यी प्रकृतिका विभिन्न सन्निधानात्मक शब्दहरूले माध्यमिक तहका कथाहरूलाई संरचनात्मक दृष्टिले सुसंरचित एवम् सङ्गठित तुल्याउन महत्तम भूमिका निर्वाह गरेका छन् । जसको परिणामस्वरूप माध्यमिक तहका कथाहरू थप संसक्त बन्न पुगेका छन् ।

माध्यमिक तहका कथाहरूमा प्रयुक्त सन्निधान कोशीय संसक्तिको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २ : माध्यमिक तहका कथामा सन्निधान संसक्ति**

| अध्ययनीय कथाहरू | सन्निधान संसक्ति : प्रयुक्त सङ्ख्या |
|---|---|
| शिशिर र वसन्तको कथा | १६ |
| भविष्य निर्माण | १० |
| खड्गबहादुर | १७ |
| कर्तव्य | ३२ |
| दोषी चस्मा | १४ |
| न्यायको पक्ष | ७ |

माथिको तथ्यअनुसार 'शिशिर र वसन्तको कथा' मा कुल १६ ओटा, 'भविष्य निर्माण' कथामा १० ओटा र 'खड्गबहादुर' कथामा १७ ओटा साहचर्यात्मक शब्दहरूको प्रयोग गरिएको पाइन्छ भने 'कर्तव्य' कथामा ३२ ओटा, 'दोषी चस्मा' कथामा १४ ओटा र 'न्यायको पक्ष' कथामा ७ ओटा सान्निध्य सम्बन्धयुक्त शब्दहरूको प्रयोग-व्यवहार गरिएको देखिन्छ ।

समग्रतः माध्यमिक तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्तिको स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

**तलिका ३ : माध्यमिक तहका कथामा कोशीय संसक्ति**

| **कोशीय संसक्ति** | **पुनरुक्ति** | | **सन्निधान** | |
|---|---|---|---|---|
| **अध्ययनीय कथाहरू** | प्रयुक्त सङ्ख्या | प्रतिशत | प्रयुक्त सङ्ख्या | प्रतिशत |
| शिशिर र वसन्तको कथा | ५१७ | ९६.९९% | १६ | ३.००% |
| भविष्य निर्माण | १६० | ९४.११% | १० | ५.८८% |
| खड्गबहादुर | १४१ | ८९.२४% | १७ | १०.७५% |
| कर्तव्य | ४३१ | ९३.०८% | ३२ | ६.९१% |
| दोषी चस्मा | २९६ | ९५.४८% | १४ | ४.५१% |
| न्यायको पक्ष | ११२ | ९४.११% | ७ | ५.८८% |

उल्लिखित तालिकाअनुसार माध्यमिक तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्तिका प्ररूपहरू : पुनरुक्ति र सन्निधानमध्ये 'शिशिर र वसन्तको कथा' मा ९६.९९ प्रतिशत पुनरुक्ति र ३.०० प्रतिशत सन्निधान संसक्ति, 'भविष्य निर्माण' कथामा ९४.११ प्रतिशत पुनरुक्ति र ५.८८ प्रतिशत सन्निधान संसक्ति तथा 'खड्गबहादुर' कथामा ८९.२४ प्रतिशत पुनरुक्ति र १०.७५ प्रतिशत सन्निधान संसक्तिको प्रयोग भएको देखिन्छ भने 'कर्तव्य' कथामा ९३.०८ प्रतिशत पुनरुक्ति र ६.९१ प्रतिशत सन्निधान संसक्ति, 'दोषी चस्मा' कथामा ९५.४८ प्रतिशत पुनरुक्ति र ४.५१ प्रतिशत सन्निधान संसक्ति तथा 'न्यायको पक्ष' कथामा ९४.११ प्रतिशत पुनरुक्ति र ५.८८ प्रतिशत सन्निधान संसक्तिको प्रयोग गरिएको देखिन्छ ।

## ६. विश्लेषण

प्रस्तुत अध्ययनको मूलभूत उद्देश्य माध्यमिक तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्तिको अध्ययन गरी तिनको प्ररूपगत स्थिति र भूमिकाको अध्ययन गर्नु रहेको थियो । प्रस्तुत अध्ययनका आधारमा हेर्दा माध्यमिक तहका कथाहरूमा भाषावैज्ञानिक ह्यालिडे र हड्सन (सन् १९७६) द्वारा प्रस्तुत कोशीय संसक्तिका मुख्य दुई प्ररूप : पुनरुक्ति र सन्निधान संसक्तिको प्रयोग गरिएको पाइन्छ । जसमध्ये पुनरुक्ति कोशीय संसक्तिको प्रयोग अत्यधिक अर्थात् करिब ९३ प्रतिशत रहेको देखिन्छ भने सन्निधान कोशीय संसक्तिको प्रयोग अत्यन्त कम अर्थात् करिब ७ प्रतिशत रहेको पाइन्छ । माध्यमिक तहका कथाहरूमा प्रयुक्त पुनरुक्ति कोशीय संसक्तिअन्तर्गतका विभिन्न भेदहरूको प्रयोग-व्यवहारलाई सूक्ष्म रूपमा नियाल्दा 'शिशिर र वसन्त' को कथामा पुनरावृत्ति संसक्तिको अत्यधिक अर्थात् ८४.५२ प्रतिशत र त्यसपछि क्रमशः पर्यायवाची (५.२२ प्रतिशत), विपरीतार्थी (४.६४ प्रतिशत), अङ्गी-अङ्ग (३.१९

प्रतिशत) र समावेशी-समावेश्य कोशीय संसक्तिको प्रयोग (२.५१ प्रतिशत) गरिएको छ । 'भविष्य निर्माण' कथामा सबैभन्दा बढी अर्थात् ७१.२५ प्रतिशत पुनरावृत्ति र त्यसपछि क्रमशः समावेशी-समावेश्य (८.७५ प्रतिशत), विपरीतार्थी (८.१२ प्रतिशत), अङ्गी-अङ्ग (७.५ प्रतिशत) र पर्यायवाची कोशीय संसक्तिको प्रयोग (४.३७ प्रतिशत) गरिएको छ । त्यस्तै 'खड्गबहादुर' कथामा पुनरावृत्ति संसक्तिको अत्यधिक अर्थात् ६२.४१ प्रतिशत र तत्पश्चात् क्रमशः पर्यायवाची (१४.८९ प्रतिशत), समावेशी-समावेश्य (९.२१ प्रतिशत), अङ्गी-अङ्ग (७.२९) र विपरीतार्थी कोशीय संसक्तिको प्रयोग (६.३८ प्रतिशत) गरिएको छ भने 'कर्तव्य' कथामा सबैभन्दा बढी अर्थात् ८०.२७ प्रतिशत पुनरावृत्ति संसक्तिको प्रयोग र त्यसपछि क्रमशः पर्यायवाची (५.८० प्रतिशत), अङ्गी-अङ्ग (५.३३ प्रतिशत), विपरीतार्थी (४.४० प्रतिशत) तथा समावेशी-समावेश्य कोशीय संसक्तिको प्रयोग (४.१७ प्रतिशत) गरिएको छ । त्यसैगरी 'दोषी चस्मा' कथामा पुनरावृत्ति कोशीय संसक्तिको अत्यधिक अर्थात् ७८.७१ प्रतिशत र तत्पश्चात् क्रमशः समावेशी-समावेश्य (९.१२ प्रतिशत), पर्यायवाची (६.८ प्रतिशत), विपरीतार्थी (४.७२ प्रतिशत) र अङ्गी-अङ्ग कोशीय संसक्तिको प्रयोग (१.३५ प्रतिशत) गरिएको छ भने 'न्यायको पक्ष' कथामा सबैभन्दा बढी अर्थात् ७०.५३ प्रतिशत पुनरावृत्ति कोशीय संसक्तिको प्रयोग र तत्पश्चात् क्रमशः विपरीतार्थी (८.९२ प्रतिशत), पर्यायवाची (७.२४ प्रतिशत), अङ्गी-अङ्ग (७.१४ प्रतिशत) र समावेशी-समावेश्य कोशीय संसक्तिको प्रयोग (६.२५ प्रतिशत) गरिएको छ ।

माध्यमिक तहका कथाहरूमा प्रयुक्त पुनरुक्ति कोशीय संसक्तिका विविध भेदहरूको उल्लिखित तथ्यलाई हेर्दा सर्वत्र समान क्रममा संसक्ति प्रयोगको स्थिति देखिँदैन । तापनि, पुनरुक्ति कोशीय संसक्तिका विविध भेदहरूको प्रयोग-व्यवहारलाई अनुपातमा नियाल्दा सबैभन्दा बढी पुनरावृत्ति पुनरुक्तिको प्रयोग (करिब ७४ प्रतिशत) र तत्पश्चात् क्रमशः पर्यायवाची (करिब ७ प्रतिशत), समावेशी-समावेश्य (करिब ६ प्रतिशत), विपरीतार्थी (करिब ६ प्रतिशत) र अङ्गी-अङ्ग (करिब ५ प्रतिशत) कोशीय संसक्तिको प्रयोग गरिएको पाइन्छ ।

माध्यमिक तहका कथाहरूमा प्रयुक्त तथोक्त विविध प्रकृतिका कोशीय संसक्तिले सम्बन्धित कथाहरूमा आई संरचनात्मक सिक्रीको कार्य सम्पादन गरेका छन् । यस क्रममा पुनरुक्ति कोशीय संसक्तिले सङ्कथनमा पूर्वप्रयुक्त कोशीय एकाइलाई समान, समानार्थी, भिन्नार्थी, सम्बन्धित एवम् आङ्गिक तात्पर्यमा सन्दर्भित तुल्याएर र सन्निधान कोशीय संसक्तिले निकटस्थ भाषिक एकाइसँग साहचर्यात्मक सम्बन्ध कायम गरेर संरचनात्मक साङ्लीको कार्य सम्पादन गरेका छन् । यसका साथै कथात्मक संरचनालाई एकीकृत तुल्याएका छन् जसको परिणामस्वरूप माध्यमिक तहका कथाहरू सुगठित एवम् संसक्त बन्न पुगेका छन् ।

## ७. निष्कर्ष

प्रस्तुत अध्ययनबाट प्राप्त परिणामका आधारमा हेर्दा माध्यमिक तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्ति र तिनको प्रयोगगत अवस्था सम्बन्धमा केही महत्त्वपूर्ण तथ्यहरू प्राप्त भएका छन् । वस्तुतः माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा कोशीय संसक्तिका दुईओटै प्ररूप

: पुनरुक्ति र सन्निधान संसक्तिको प्रयोग गरिएको छ । यसमा पुनरुक्ति कोशीय संसक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग संसक्तिको प्रयोग गरिएको छ । सन्निधान संसक्तिअन्तर्गत चाहिँ परस्परमा साहचर्यात्मक सम्बन्ध कायम गर्ने विभिन्न शब्दहरूको प्रयोग गरिएको छ । यस तहका कथाहरूमा प्रयुक्त कोशीय संसक्तिको समग्र स्थितिलाई अवलोकन गर्दा सन्निधान संसक्तिका तुलनामा पुनरुक्ति कोशीय संसक्तिको अत्यधिक प्रयोग गरिएको पाइन्छ भने पुनरुक्ति कोशीय संसक्तिका विविध भेदमध्ये पुनरावृत्ति संसक्तिको अधिक प्रयोग गरिएको देखिन्छ । यस आधारमा नेपाली भाषाका आख्यानात्मक विधाका पाठ वा रचनाहरूमा कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति कोशीय संसक्तिको अत्यधिक प्रयोग हुने र यसअन्तर्गतका विविध भेद प्रयोगका सन्दर्भमा पुनरावृत्ति संसक्तिको उल्लेख्य प्रयोग हुने कुरा निर्क्योल गर्न एवम् साधारणीकरण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


कुक, गाइ (सन् १९९६), *डिस्कोर्स,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

क्यानल, एम. (सन् १९८३), फ्रम कम्युनिकेटिभ कम्पिटेन्स टु कम्युनिकेटिभ ल्याङ्ग्विज पेडागोजी, रिचार्डस् जे. एन्ड स्मित, आर. (सम्पा.) *ल्याङ्ग्विज एन्ड कम्युनिकेसन*, लन्डन : लङ्म्यान ।

थोराट, अशोक (सन् २००२), *अ डिस्कोर्स एनलाइसिस अफ फाइभ इन्डियन नोभल्स,* न्यु दिल्ली : म्याकमिलन ।

नुनन, डेभिड (सन् १९९३), *इन्ट्रोड्युसिङ डिस्कोर्स एनलाइसिस,* लन्डन : पेन्गुइन बुक्स ।

बुजा, एलिना (सन् २०१०), द डिस्कोर्स एनलाइसिस अफ अ न्युजपेपर आर्टिकल, *एक्टा युनिभर्साइटाटिस सपिएनटिआ, फिलोलोजिका* २ (२), २५९-२७१ ।

मार्टिन्स्, डना एम. (सन् २०१५), *रिसर्च एन्ड इभालुएसन इन एजुकेइसन एन्ड साइकलजी इन्टेग्रेटिङ डाइभर्सिटी विद क्वान्टिटेटिभ, क्वालिटेटिभ एन्ड मिक्स्ड मेथड्स* (चौथो संस्करण), लन्डन : सेज पब्लिकेसन ।

म्याक्क्यार्थी, माइकल (२०१०), *डिस्कोर्स एनलाइसिस फर ल्याङ्ग्विज टिचर,* लन्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वाङ, युआन र गुओ, मिन्घ (सन् २०१४), अ सर्ट एनलाइसिस अफ डिस्कोर्स कोहिरन्स, *जर्नल अफ ल्याङ्ग्विज टिचिङ एन्ड रिसर्च, ५* (२) ४६०-६५ ।

विस्नेस्की, कमिल (२००६), *डिस्कोर्स एनलाइसिस*, इन्जिएल्स्की अनलाइन डट htm.

स्टब्ज, माइकल (सन् १९८३), *डिस्कोर्स एनलाइसिस द सोसिओ लिङ्ग्विस्टिक एनलाइसिस अफ नेचरल ल्याङ्ग्विज,* लन्डन : ब्ल्याकवेल ।

स्टब्ज, मिसेल (सन् २००१), कम्प्युटर एसिस्टेड टेक्स्ट एन्ड कर्पस एनलाइसिस : लेक्सिकल कोहिजन एन्ड कम्युनिकेटिभ कम्पिटेन्स, सिफ्रिन, डेबोरा, टनिन, डेबोरा र हमिल्टन, हेइडी (सम्पा.) अन्तर्गत *द हेन्डबुक अफ डिस्कोर्स एनलाइसिस,* (पृ.३०४) लन्डन : ब्ल्याकवेल ।

होइ, मिसेल (सन् १९९१), *अन द सर्फेस अफ डिस्कोर्स,* लन्डन : जर्ज एलिन एन्ड अवविन ।

ह्यालिडे, एम.ए.के. र हड्सन रुकैया (सन् १९७६), *कोहिजन इन इङ्गलिस,* लन्डन : लङ्गम्यान ।

ह्यालिडे, एम.ए.के. (१९८६), *एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामर,* लन्डन : एडवार्ड आर्नोल्ड ।

ह्यालिडे, एम.ए.के. र हड्सन रुकैया (सन् १९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

ह्याच, एभ्लिन (सन् १९९४), *डिस्कोर्स एन्ड ल्याङ्ग्विज एजेकसन,* लन्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।